# काठमाडौं स्कुल अफ ल

सूर्यविनायक-४, भक्तपुर, नेपाल

फोन : ६६३४४५५/६६३४६६३

इमेल: info@ksl.edu.np; वेव: http://www.ksl.edu.np


## अनुसन्धान विभागद्वारा तयार गरिएको

# अध्ययनपत्र (टर्म पेपर) लेखन र प्रस्तुति मार्गनिर्देशिका, २०८१

### १. परिचय

यो मार्गनिर्देशिका काठमाडौं स्कुल अफ ल ले कानुन शिक्षण पद्दतिमा अङ्गीकार गरेको वि-उपनिवेशीकरण (decolonization), कार्यमूलक पद्दति (clinical method), अनुसन्धानमूलक शिक्षण ( research-based teaching), आलोचनात्मक समीक्षा (critical review) जस्ता विशिष्टीकृत तरिकाहरूको प्रयोग गरी विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गरी अनुसन्धानमूलक लेखन शैली र मौलिक प्रस्तुतिलाई प्रवर्धन गर्न दोस्रो त्रैमासिक परीक्षाको रूपमा लिइने अध्ययनपत्र (टर्म पेपर) लेखन र प्रस्तुतिलाई अझ प्राज्ञिक र परिष्कृत स्वरूपमा रूपान्तरण गरी विद्यार्थीहरूको संज्ञानात्मक स्तरलाई समृद्ध बनाउँदै त्यसको व्यावहारिक र प्रयोग पक्षमा अभ्यस्त बनाउन सहयोग पुऱ्याउने उद्देश्यले जारी गरिएको हो । यसमा अध्ययनपत्र (टर्म पेपर) को उद्देश्य, यस अन्तर्गत विद्यार्थीहरूलाई प्रदान गरिने शिक्षाभ्यास कार्य (असाइनमेन्ट) को विषयवस्तु र ढाँचाको निर्धारण, तिनको मूल्याङ्कनका आधार र प्रक्रियाहरू र विद्यार्थीहरूलाई दिइने पृष्ठपोषण (फिडब्याक) का आधारहरू समावेश गरिएको छ । यसको कार्यान्वयनले शिक्षणको प्रभावकारिता पहिचान गर्न, सिकाइजनित समस्याहरूको निराकरण गर्न, विद्यार्थीको सिकाइ, शैक्षिक प्रगति र प्रस्तुतिको वस्तुनिष्ठ मूल्याङ्कनमार्फत् भरपर्दो र यथार्थपरक जानकारी प्राप्त गरी उनीहरूको शैक्षिक गुणस्तर सुधारको लागि पाठ्यक्रममा आवश्यक स्तरोन्नति र स्वसन्दर्भीकरण ( contextualization) गर्न, शिक्षण पद्दतिमा विशिष्टीकृत तरिकाहरू प्रयोग गर्न र शिक्षण र प्रशिक्षणका व्यावहारिक पक्षहरूको निर्णयमा पुग्न शिक्षकहरूलाई मद्दत पुग्ने अपेक्षा गरिएको छ ।



CamScanner

## २. अध्ययनपत्र (टर्म पेपर) को उद्देश्य

क) शैक्षिक अभ्यास कार्य प्रदान गर्दा विद्यार्थीमा ज्ञान, सिप तथा व्यवहारको सामञ्जस्य गर्नसक्ने शैक्षणिक सक्षमता अभिवृद्धि भए नभएको एकिन गरी पृष्ठपोषण प्रदान गर्नु;

ख) कानुन शिक्षाका पाठ्यक्रमसँग सम्वन्धित विभिन्न विषयमा आलोचनात्मक समीक्षा, तार्किक मूल्याङ्कन र अनुसन्धानमूलक लेखन र प्रस्तुतिका बारेमा विद्यार्थीहरूको संज्ञानात्मक स्तरलाई स्पष्ट र समृद्ध बनाउँदै त्यसको प्रयोगपक्षमा अभ्यस्त बनाउनु;

ग) प्राज्ञिक लेखनका मूलभूत तत्वको प्रयोग गर्दै विषयक्षेत्रमा उपयुक्त प्राज्ञिक दावीको निर्माण गरी त्यसको पुष्टिका लागि तर्कपूर्ण अनुच्छेद/सङ्कथनको रचना गर्न योग्य बनाई विद्यार्थीहरूमा शोध वा अनुसन्धानको प्रवृत्ति विकास गर्न सघाउ पुऱ्याउनु र त्यसका लागि पृष्ठभूमि तयार पार्नु;

घ) कानुन लेखनको प्राविधिक ज्ञानको प्रायोगिक कुशलतामार्फत् कुनै विषयप्रतिको तार्किक एवं आलोचनात्मक दृष्टिकोणलाई मानक भाषामा सुसङ्गठित तथा सुव्यवस्थित ढङ्गले आलेखन गर्ने सिप प्रदान गर्नु र त्यसमा विद्यार्थीलाई अभ्यस्त बनाउनु;

ङ) कानुन शिक्षामा मूल रूपमा प्रयोगमूलक प्रकृतिका शिक्षाभ्यास कार्य (असाइनमेन्ट) प्रदान गरी प्राज्ञिक प्रयोजनका निमित्त सम्पन्न गरिने विभिन्न प्रकारका लेखन र प्रस्तुतिहरूका प्रकृति र स्वरूपबारे विद्यार्थीलाई अवधारणात्मक तहमा स्पष्ट बनाई प्राज्ञिक लेखनको क्षमता र सिपको विकास गराउनु ।

## ३. अध्ययनपत्र (टर्म पेपर) अन्तर्गत प्रदान गरिने शैक्षिक अभ्यास कार्यबाट अपेक्षित परिणाम

अध्ययनपत्र (टर्म पेपर) अन्तर्गत प्रदान गरिने शैक्षिक अभ्यास कार्य (असाइनमेन्ट) बाट निम्नानुसारको मूलभूत परिणाम प्राप्त हुने अपेक्षा राखिएको छ :

क) विद्यार्थीहरू कानुन शिक्षामा अनुसन्धानपरकता एवं प्राज्ञिकताका प्रकृति, मर्म र प्रयोजनको बोध गरी तार्किक सङ्कथन निर्माण गर्न सक्षम हुनेछन् ।

ख) विद्यार्थीहरू कानुन तथा न्यायसँग सम्वन्धित विषयहरूमा आलोचनात्मक एवं तार्किक ढङ्गले सोच्न, तदनुरूप कुनै विषयमा नवीन तथा मौलिक ज्ञानको खोजी, व्याख्या तथा व्यवस्थित सम्वाद र प्रस्तुति गर्न सक्षम हुनेछन् ।

ग) विद्यार्थीहरू कानुन तथा न्याय क्षेत्रमा देखापरेका समस्याहरू केलाई तिनलाई सम्बोधन गर्न; आफ्नो दावीको पुष्ट्याइँ गर्न उद्धरण/सन्दर्भ सामग्रीको उपयोग गरी कार्य-कारणसम्बन्धमा आधारित तर्कको विकास गर्न; साक्ष्य, प्रमाण, उदाहरण, तालिकीकरण तथा दृश्य सूचनाको उपयोगमा आधारित व्याख्या, तुलना, व्यतिरेक, खण्डन र मण्डन प्रस्तुत गर्न सक्षम हुनेछन् ।



CamScanner

काठमाडौं स्कूल अफ ल
स्थापित:२०५६

## ४. अध्ययनपत्र (टर्म पेपर) का विषयवस्तुहरू

शिक्षकहरूले शैक्षिक अभ्यास कार्य (असाइनमेन्ट) प्रदान गर्दा पाठ्यक्रमका उद्देश्य प्राप्तितर्फ विद्यार्थीलाई परिलक्षित गर्न पाठ्यक्रम र पाठ्यांशको प्रकृति अनुरूप अधिकतम विद्यार्थीकेन्द्री विधिको प्रयोग गरी अभ्यास/प्रायोगिकताको उपयोग हुने खालका संज्ञानात्मक तथा प्रयोगमूलक दुवै प्रकृतिका शिक्षाभ्यास कार्यलाई प्राथमिकता दिनुपर्नेछ । शिक्षाभ्यास कार्य दिँदा कानुन तथा न्याय क्षेत्रमा देखापरेका समस्या, समसामयिक तथा जनचासोका विषयहरूमा जिज्ञासा, आलोचनात्मक चेत, तार्किकता तथा अभ्यास प्रतिविम्वित हुने, विद्यार्थीहरूको स्वयं सहभागिता, मौलिकता र सिर्जनात्मकता आवश्यक पर्ने खालका विषयवस्तुहरूको चयन अपेक्षित छ । उदाहरणको लागि आफूले अध्यापन गराउने विषयसँग सम्वन्धित रहेका अदालतका अद्यावधिक फैसलाहरूको समीक्षा, नजिरहरूको अध्ययन, संविधान, ऐन कानुन तथा विधेयकहरूको समीक्षा, कानुनी तथा विधायिकी मस्यौदाहरूको अध्ययन, कानुनी लेखन तथा टिप्पणीहरूको समीक्षा, अदालतका फैसलाहरू उपर पुनरावेदन वा पुनरावलोकन निवेदन लेखनजस्ता समय सान्दर्भिक विषयहरूको खोजी गर्नु आवश्यक हुन जान्छ । कानुन तथा न्यायको वर्तमान अवस्था, समसामयिक विषयवस्तुहरू र यस क्षेत्रमा देखापरेका समस्या र चुनौतीहरूको पहिचान गरी तिनलाई सम्वोधन गर्न सघाउ पुऱ्याउने खालका देहाय वमोजिमका शैक्षिक अभ्यास कार्य समयसान्दर्भिक हुन सक्दछन् ।

क) **अनुसन्धान पत्र** (Research Paper) : यस अन्तर्गत कुनै विषयक्षेत्रमा उपयुक्त शीर्षकको चयन गर्न लगाई अनुसन्धानमूलक लेख लेखनको अभ्यास गराउन सकिन्छ । यो कुनै खास कानुनी समस्या, विषय वा मुद्दामा पूर्ण परिचित भई समस्या निर्धारण गरी अध्ययनको उद्देश्य र अध्ययनविधि परिभाषित गरी सैद्धान्तिक पर्याधार र अवधारणात्मक ढाँचा निर्धारण गरी गरिने अध्ययन हो । यसमा सम्वन्धित ऐन, कानुन र नजिरहरूको विश्लेषण, प्राज्ञिक स्रोतहरूमा आधारित सामग्रीहरूको विश्लेषण, तर्कहरू र निष्कर्षणको प्रस्तुति समावेश हुन्छन् । यस अन्तर्गत पूर्वकार्यको समीक्षा ( literature review) लेखन र अभ्यास, शोधप्रस्ताव (proposal) लेखन र अभ्यास, संश्लेषणपत्र ( synthesis paper) लेखनको अभ्यास, टिप्पणीयुक्त सन्दर्भसूची (annotated bibliography) निर्माणको अभ्यास, समकक्षी समीक्षा (peer review) र त्यसको प्रतिवेदन लेखनको अभ्यास पनि गराउन सकिन्छ ।

ख) **केस सार** (Case Brief)/**केस टिप्पणी** (Case Commentary) : यस अन्तर्गत विद्यार्थीलाई कुनै खास कानुनी मुद्दा, मामिला वा विषयमाथि विश्लेषण गर्न लगाई मुद्दाका प्रमुख पक्ष र विषयहरू सार संक्षेप प्रस्तुति गर्न लगाउन, यसका वर्तमान र दुरगामी प्रभावहरूको वारेमा चर्चा गर्न र यस विषयमा आफ्ना दृष्टिकोणहरू प्रस्तुत गर्न लगाउन सकिन्छ । यसबाट विद्यार्थीलाई मुख्य विषयवस्तु पहिचान गर्न, तथ्यमा प्रवेश गर्न, मुद्दाको सार टिपोट गर्न, आकर्षित हुने कानुन र प्रतिपादित कानुनी सिद्धान्त पहिचान गर्न, अदालती व्याख्या र निर्णयमाथि टिप्पणी गर्न, उनीहरूको वहस नोट लेखन र प्रस्तुतिमा निखार ल्याउन सकिन्छ ।



CamScanner

ग) **निबन्ध लेखन** (Essay Writing) : यस अन्तर्गत विद्यार्थीलाई कुनै विषय शीर्षक केन्द्रित वा विशेष कानुनी प्रश्न वा विषयमा अन्वेषणमूलक अध्ययन गरी तर्कपूर्ण प्रस्तुति गर्न लगाउन सकिन्छ । यसले विद्यार्थीहरूलाई कानुनी सिद्धान्तहरूको बुझाइ प्रदर्शन गर्न र विषयलाई आलोचनात्मक रूपमा विश्लेषण र तर्क गर्न सक्षम बनाउँछ । यस अन्तर्गत प्राज्ञिक लेखनका अपेक्षाअनुरूप अनुच्छेद रचनाको अभ्यास गराउने जस अन्तर्गत सङ्गति र संसक्ति/सम्वद्धता, मानक भाषा, तार्किकता आदिको सम्यक निर्वाहसँगै शीर्षकथन (वाक्य) को पुष्ट्याइँको अभ्यास गराउने लगायत पर्दछन् ।

घ) **पुस्तक समीक्षा** (Book Review)/**लेख पुनरावलोकन** (Article Review)/**फिल्म समीक्षा** (Movie Review) : यस अन्तर्गत कुनै प्रकाशित प्राज्ञिक पुस्तक वा लेख वा फिल्मलाई नमुनाका रूपमा दिई ती सामग्रीमा दाबी र तर्कको प्रयोग, दावीको पुष्ट्याइँका लागि प्रमाणको उपयोग, विश्लेषणमा कार्यकारण सम्बन्धको निर्वाह, प्रयुक्त भाषा, निष्कर्षणको उपयुक्तता र पर्याप्तता आदिको निर्वाहवारे छलफल गराउने लगायतका शिक्षाभ्यास पर्दछन् ।

ङ) **अभ्यास अदालत सार** (Moot Court Brief): यस अन्तर्गत कुनै काल्पनिक मुद्दा सृजना गरी विद्यार्थीहरूलाई पक्ष-विपक्षमा बाँडी आफ्ना विषय र तर्कलाई पुष्टि गर्न आकर्षित हुने सान्दर्भिक कानुनी स्रोतहरूको खोजी गर्न लगाई बुँदा टिपोट गर्ने, लिखित तर्कहरूको तयारी गर्ने, तर्कको प्रस्तुतिकरण गर्ने लगायतका कार्यहरू गराउन सकिन्छ । यसबाट विद्यार्थीहरूमा कानुनी चासो र सरोकारहरू पहिल्याउने, ठोस तर्कहरू सिर्जना गर्ने र आफ्नो स्थितिलाई समर्थन गर्न सान्दर्भिक कानुनी स्रोतहरू उल्लेख गर्ने सृजनात्मक भूमिकाको अपेक्षा गर्न सकिन्छ ।

च) **कानुनी टिपोट** (Legal Memo/Memorandum)/**कानुनी विश्लेषण** (Legal Analysis) : यस अन्तर्गत विद्यमान कानुन वा कानुनहरूको विस्तृत विश्लेषण गरी कुनै मुद्दा विशेषमा खासगरी जनहित वा सार्वजनिक सरोकारका मुद्दामा तिनीहरूको अनुप्रयोग बारेमा विद्यार्थीहरूलाई कानुनी टिप्पणी/कानुनी विश्लेषणको अभ्यास गराउन सकिन्छ ।

उपरोक्त शिक्षा अभ्यासका अतिरिक्त विद्यार्थीको शैक्षिक तह र कक्षा अनुसार उनीहरूको ज्ञान/प्रतिभा परीक्षण गर्न सम्वन्धित विषयका लागि उपयुक्त कुनै सरोकारको विषयमा आफ्नो धारणा प्रस्तुत गराउने, कुनै समस्या दिई समस्या समाधान अभ्यास (problem solving exercise) गर्न लगाउने, विवादित विषयमा आफ्ना सेवाग्राहीहरूका लागि सल्लाह/सुझाव तयार गर्न लगाउने, कुनै समसामयिक विषय दिई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कानुन वा अन्य कुनै मन्त्रालय, संसदीय समिति, महान्यायाधिवक्ता वा कुनै सरकारी कार्यालयका लागि नीति सल्लाह (policy advice/policy brief) तयार गर्न लगाउने, कुनै विषयमा कानुनी मस्यौदा (legal drafting) वा विधायन मस्यौदा (legislative drafting) गर्न लगाउने, कुनै अदालतको फैसला, प्रस्तावित विधायिकी परिवर्तन वा कानुनको समालोचना वा समीक्षा (law review) गर्न लगाउने, कुनै अवस्था/घटना अध्ययन गराउने, कुनै परियोजना विकास ( project development) गर्न लगाउने, कुनै विषयमा रचनात्मक लेखन (creative writing) गर्न लगाउने, समूह छलफल (group discussion) र प्रस्तुति (presentation) गर्न लगाउने लगायत विद्यार्थीहरूलाई विभिन्न समूहमा बाँडी उपर्युक्त बमोजिम वा भिन्नभिन्न शीर्षकमा विषयको बुझाइको अनुप्रयोगसँग



CamScanner

सम्बन्धित अन्य कुनै उपयुक्त सृजनात्मक शिक्षाभ्यास प्रदान गरी नमूना लेखन प्रस्तुतिकरण गर्न लगाई छलफल गराउन सकिन्छ ।

## ५. शैक्षिक अभ्यास कार्य प्रदान गर्दा ख्याल गर्नुपर्ने कुराहरू

पाठ्यक्रम र पाठ्यांशको प्रकृति अनुरूप व्यक्तिगत, समूहगत वा कक्षागत रूपमा गर्नमिल्ने गरी उपयुक्त शिक्षाभ्यास (असाइनमेन्ट) प्रदान गर्न शिक्षकरु स्वतन्त्र छन् । तर यसरी शिक्षाभ्यास (असाइनमेन्ट) दिँदा शिक्षकहरूले शिक्षाभ्यासको उपयुक्तता (Suitability), विश्वसनीयता (Reliability) र व्यावहारिकता (Practicality) का पक्षहरूलाई ख्याल गर्नुपर्दछ । कुनै पनि शिक्षाभ्यास तय गर्दा तलका प्रश्नहरूको सकारात्मक उत्तर प्राप्त हुने अपेक्षा गरिएको छ ।

**तपाईंको असाइनमेन्ट कत्तिको उपयुक्त छ ?**

- यो असाइनमेन्ट प्रदान गर्नुका कारण के हो ? यस असाइनमेन्टबाट विद्यार्थीलाई के उपलब्धि प्राप्त हुन्छ ?
- यो असाइनमेन्ट अन्तर्गत रहेका शैक्षिक उद्देश्यहरू के हुन् ? के असाइनमेन्ट ती उद्देश्यहरूसँग मेल खान्छ ?
- के असाइनमेन्टका लागि तोकिएका वा स्वीकृत गरिएका विषयवस्तुहरू महत्वपूर्ण र मूल्यवान् छन् ? के विद्यार्थीहरूले यिनबाट अर्थपूर्ण उपलब्धिहरू हासिल गर्न सक्छन् ?
- के असाइनमेन्ट विद्यार्थीहरूको रुचि जगाउने र तिनीहरूलाई पाठ्यक्रम र पाठ्यांशका विषयवस्तुतिर डोऱ्याउने वा आकर्षित गर्ने खालका छन् ?

**तपाईंको असाइनमेन्ट मूल्याङ्कन मापदण्डको कसीमा कत्तिको सही छ ?**

- के असाइनमेन्टको दायरा पर्याप्त र विस्तृत छ जसले तपाईंलाई विद्यार्थीको प्रदर्शन स्तरको वास्तवमै मूल्याङ्कन गर्न सक्षम बनाउँछ ?
- के तोकिएको असाइनमेन्टले तपाईंले अध्यापन गराउने विषयको समग्र पाठ्यक्रमको प्रतिनिधित्व गर्दछ ?
- के उत्तीर्ण र अनुत्तीर्णबिचको अङ्क (cutoff score) ले विद्यार्थीको अपेक्षित र अनपेक्षित प्रस्तुतिबिचको वास्तविक भिन्नता प्रतिनिधित्व गर्दछ ?
- के विद्यार्थीको प्रदर्शनमा आन्तरिक रूपमा एकरूपता, सुसंगती (consistency) र स्थिरता (stability) छ ?

**तपाईंको असाइनमेन्ट कत्तिको व्यावहारिक छ ?**

- के यो अन्त कतैबाट साभार गर्न नमिल्ने, विद्यार्थीहरूको सृजनात्मक र सक्रिय संलग्नताको अनिवार्यता रहने खालको छ ?



CamScanner

- के असाइनमेन्टका लागि आवश्यक सबै स्रोत सामग्रीहरू कलेजको पुस्तकालय र स्थानीय स्तरमा या अन्यत्र सजिलै उपलब्ध छन् ?
- विद्यार्थीहरूले असाइनमेन्ट गर्न कति समय आवश्यक पर्छ ? तपाईंलाई यसको मूल्याङ्कन गर्न कति समय लाग्छ ? के यो उपलब्ध समयावधिभित्र सम्पन्न गर्न सम्भव छ ?

## ६. अध्ययनपत्र (टर्म पेपर) मूल्याङ्कनका आधार र प्रक्रियाहरू

शिक्षकहरू आफूले प्रदान गरेको शिक्षाभ्यास (असाइनमेन्ट) को मूल्याङ्कनका आधार र प्रक्रियाहरू निर्धारण गर्न स्वतन्त्र छन् । तर ती वस्तुगत र पारदर्शी हुनु आवश्यक छ । उदाहरणको लागि यहाँ एउटा अनुसन्धान पत्र (research paper) को अङ्कन (scoring) का लागि पृष्ठपोषण तालिका (feedback table) प्रस्तुत गरिएको छ ।

**सैद्धान्तिक पर्याधार/अवधारणात्मक ढाँचाको परिभाषासँग सम्बन्धित (अधिकतमा ५ अंक प्रदान गर्न सकिने)**

| विवरण | प्राप्ताङ्क |
|---|---|
| अनुसन्धान पत्रमा व्याख्यात्मक अनुच्छेद सहितको स्पष्ट सैद्धान्तिक पर्याधार रहेको । सबै अवधारणाहरू परिभाषित गरिएको र सबै सान्दर्भिक रहेको । | ५ |
| अनुसन्धान पत्रमा व्याख्यात्मक अनुच्छेद सहितको स्पष्ट सैद्धान्तिक पर्याधार रहेको । केही अवधारणाहरू राम्रोसँग परिभाषित नगरिएको तर सबै सान्दर्भिक रहेको । | ४ |
| तर्कसंगत सैद्धान्तिक पर्याधार रहेको । केही अवधारणाहरू राम्रोसँग परिभाषित नगरिएको । | ३ |
| सैद्धान्तिक पर्याधार रहेको तर अर्थ निर्धारण गर्न गाह्रो रहेको । | २ |
| सैद्धान्तिक पर्याधार नरहेको वा असान्दर्भिक रहेको । | १ |

**आफ्ना तर्क, बुँदा र दृष्टिकोण पुष्टि गर्न उदाहरणहरूको प्रयोगसँग सम्बन्धित (अधिकतम ५ अंक प्रदान गर्न सकिने)**

| विवरण | प्राप्ताङ्क |
|---|---|
| प्रत्येक बुँदालाई धेरै उपयुक्त उदाहरणहरूले स्पष्ट र पूर्ण रूपमा चित्रण गरिएको छ । | ५ |
| अधिकांश बुँदाहरूलाई धेरै उपयुक्त उदाहरणहरूले स्पष्ट र कुशलतापूर्वक चित्रण गरिएको छ, तर केही बुँदाहरू उति साह्रो प्रष्ट छैनन् । | ४ |
| प्रत्येक बुँदालाई कम्तिमा एउटा उपयुक्त उदाहरणले चित्रण गरेको छ । | ३ |
| केही बुँदाहरूको लागि उपयुक्त उदाहरणहरू दिइएका छैनन् र/वा केही चित्रणहरू उपयुक्त छैनन् । | २ |
| उदाहरण र चित्रणहरू अव्यवस्थित छन् र बुँदाहरूलाई समर्थन गर्दैनन् । | १ |



CamScanner

काठमाडौं स्कूल अफ
स्थापित:२०४६
भक्तपुर

**विचार र तर्कहरूको संगठित र विश्वसनीय प्रस्तुतिसँग सम्बन्धित (अधिकतम ५ अंक प्रदान गर्न सकिने)**

| विवरण | प्राप्ताङ्क |
|---|---|
| प्रत्येक विचार (idea) लाई स्पष्ट रूपमा प्रस्तुत गरिएको, व्याख्या गरिएको र चित्रण गरिएको छ। विचारहरू सहजै बग्छन् र तर्कहरू अनुसरण गर्न सजिलो छ। अनुसन्धान पत्रको उठान, मुख्य अंश र समाप्ति स्पष्ट छ। | ५ |
| प्रत्येक विचारलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको र चित्रण गरिएको छ। कहीँकहीँ संप्रेषणमा संगती मिलेको देखिँदैन। | ४ |
| प्रत्येक विचार व्याख्या गरिएको छ, तर संप्रेषण असंगठित र कहीँकहीँ अव्यवस्थित लाग्दछ। | ३ |
| कुन विचार वा बुँदालाई व्याख्या वा समर्थन गर्न चित्रण र उदाहरणहरूको प्रयोग भएको हो भन्ने कुरा प्राय: स्पष्ट छैन। | २ |
| विचार, तर्क वा बुँदा के हो वा के भन्न खोजिएको हो भन्ने कुरा प्राय: स्पष्ट छैन। | १ |

**लेखन शैलीको प्रष्टता र अनुसरणयोग्य प्रस्तुतिसँग सम्बन्धित (अधिकतम ५ अंक प्रदान गर्न सकिने)**

| विवरण | प्राप्ताङ्क |
|---|---|
| वाक्य र अनुच्छेदहरू बगेका छन्। कुनै स्पष्ट व्याकरण वा हिज्जे त्रुटिहरू छैनन्। केही साना त्रुटिहरूले पाठकको प्रवाहलाई रोक्दैनन्। | ५ |
| केही व्याकरणात्मक त्रुटिहरू छन्, तर पनि अर्थ स्पष्ट छ। | ४ |
| पाठकले व्याकरण वा प्रयोग त्रुटिहरूलाई सच्याएर पढेपछि मात्र अर्थ स्पष्ट हुन्छ। | ३ |
| वाक्य संरचना, प्रयोग र अनुच्छेदमा रहेका धेरै त्रुटिहरूले अर्थलाई अस्पष्ट गर्दछन्। | २ |
| लेखन शैलीका आधारभूत परम्पराहरू पनि पालना गरिएका छैनन्। | १ |

### ७. अध्ययनपत्र (टर्म पेपर) निर्धारण र अवधारणा पत्रको प्रस्तुति

शिक्षकहरूले अध्ययन पत्र (टर्म पेपर) अन्तर्गत शैक्षिक अभ्यास कार्य (असाइनमेन्ट) प्रदान गर्नुअगाडि आफूले प्रदान गर्न लागेको असाइनमेन्ट निर्धारणसम्बन्धी अवधारणा पत्र अनुसन्धान विभागमा पेश गर्नुपर्नेछ। अन्य कुराका अतिरिक्त यसमा अध्ययन पत्रको प्रमुख उद्देश्य, यसले हासिल गर्न खोजेको पाठ्यक्रम र पाठ्यांशको लक्ष्य, विषयवस्तु, अपेक्षित परिणाम, मूल्याङ्कनका आधार, प्रक्रिया र मापदण्डहरू, समयसारिणी लगायतका आवश्यक जानकारीहरू समावेश हुनुपर्नेछ।



CamScanner